# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, साउन २३ गते २०४० साल (अतिरिक्ताङ्क १५

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको आयोग गठन गरी सो आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधि देहायबमोजिम तोकिदिएको छः–

१. आयोगको गठनविधिः

(क) श्री केशवप्रसाद उपाध्याय, अतिरिक्त न्यायाधीश मध्यमाञ्चल क्षेत्रीय अदालत– अध्यक्ष

(ख) श्री सचिव, कानून तथा न्याय मन्त्रालय– सदस्य

(ग) श्री महालेखा नियन्त्रक, महालेखा नियन्त्रकको कार्यालय– सदस्य

२. आयोगको काम, कर्तव्य र अधिकारः आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) शाही नेपाल वायुसेवा निगमले हाल खरीद गर्न लागेको बोइङ जहाज ७२७ सम्बन्धमा ऐन नियम बिरुद्ध काम भएको छ छैन सो विषयमा यथार्थ छानबीन गरी तथ्य पत्ता लगाउने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) छानबीन गर्दा सो सम्बन्धमा अन्य कुनै अनियमित कार्य भएको छ छैन सो समेत उल्लेख गर्ने।

(ग) प्रकरण (क) र (ख) का कुराहरूको सम्बन्धमा निगम तथा श्री ५ को सरकारले के कस्तो कदमहरू अपनाउनु उपयुक्त हुन्छ सोबारे सुझावहरू समेत उल्लेख गरी श्री ५ को सरकारमा प्रतिवेदन पेश गर्ने।

(घ) माथिका प्रकरणहरूबमोजिम काम गर्नको लागि आयोगले उक्त ऐनका अधिकारहरू प्रयोग गर्ने।

३. आयोगको कार्यावधि: आयोगको कार्यावधि आयोगले काम शुरू गरेको मितिले १५ दिनको हुनेछ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२२८